प्रदेश सरकार
कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश
बिराटनगर, नेपाल

## कृषि प्रसार कार्यक्रम संचालन (पहिलो संशोधन) नमर्स, २०८०

कृषि प्रसार कार्यक्रम संचालन नमर्स, २०७९ लाई संशोधन गर्न वान्छनीय भएकोले,
कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले देहायको नमर्स बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नमर्सको नाम "**कृषि प्रसार कार्यक्रम नमर्स (पहिलो संशोधन) नमर्स, २०८०** " रहेको छ।

(२) यो नमर्स मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **कृषि प्रसार कार्यक्रम संचालन नमर्स, २०७९ मा संशोधनः** कृषि प्रसार कार्यक्रम संचालन नमर्स, २०७९ को दफा ९ पछाडी देहाय बमोजिसको दफा ९(क) थप गरिएको छः-

९(क). **कष्टम हायरीङ्ग सेन्टर(Custom Hiring Center) मार्फत यान्त्रिकरण प्रवर्द्धन कार्यक्रमः**

**(क)** उद्धेश्यः

- प्रदेशका विभिन्न जिल्लामा कृषि यान्त्रिकरण प्रवर्द्धनका लागि स्थापना भएका कष्टम हायरीङ्ग सेन्टरमा उपलब्ध आधुनिक कृषि यन्त्र उपकरणहरु प्रयोग अभिबृद्धि गरी बाली उत्पादन लागत कम गर्ने।
- किसानहरु माझ कृषि यन्त्र उपकरणको प्रयोग बढाउन प्रोत्साहन गर्ने।

**(ख)** कार्यक्रम संचालन प्रक्रिया तथा प्राविधिक पक्षः

- जिल्लामा रहेका कष्टम हायरीङ्ग सेन्टर संचालकलाई सूचना प्रवाह गरी सेन्टरबाट उपलब्ध हुने सेवा, सुविधा, कार्यक्षेत्र तथा न्यूनतम सेवाशुल्क खुलाई कार्यालयमा सुचिकृत गर्ने,
- सुचिकृत कष्टमहायरीङ् सेन्टर मध्येबाट उनीहरुको क्षमता र प्राविधिक उपयुक्तता, प्रस्ताव गरेको न्यूनतम सेवा शुल्कका आधारमा कष्टम हायरीङ्ग सेन्टर संचालक छनौट गर्ने,
- कष्टम हायरीङ्ग सेन्टर संचालकसँग कार्यालयको लक्ष्य र आवश्यकता अनुसार किसानहरुको खेतमा निम्न सेवाहरु उपलब्ध गराउन सम्झौता गरी कार्यक्रम संचालन गर्न सकिनेछः-
    - मेशिनको प्रयोगबाट धानको नर्सरी तयारीदेखि धान रोप्ने कार्य (Rice Transplantation), हार्भेस्टिङ्ग (Harvesting) र ड्राईङ्ग(Drying) सम्मका कार्यहरु,
    - शुन्य खनजोत/न्यूनतम खनजोत विधिबाट धान, मकै, गहुँर अन्य बालीरोप्न, हार्भेस्टिङ्ग (Harvesting) र ड्राईङ्ग(Drying) सम्मका कार्यहरु।

**(ग)** आर्थिक मापदण्डः

उपलब्ध बजेट अनुसारकार्यालयले लागत इस्टिमेट स्वीकृत गरि सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ तथा प्रचलित कानून अनुसार निम्न कार्यमा खर्च गर्न सकिनेछ।

- मेशिनरी भाडा शुल्क (बढीमा ७५%)
- मेशिनरी प्रयोग सम्बद्ध स्थलगत तालिम संचालन
- उत्पादन सामग्री खरिद (बढीमा ७५%)

कृषक दिवस आयोजना (कार्यक्रमको नतिजा स्थलगत रुपमा सार्वजनिक गर्न गरिने स्थलगत दिवस)

सचिव

मुख्यमन्त्री तथा उद्योग
कृषि तथा सहकारी